भानु नगरपालिकाको आधिकारीक त्रैमासिक प्रकाशन

# भानु नगरपालिका बुलेटिन

"साहित्य, पर्यटन र कृषि क्षेत्र हाम्रो, पारौं समृद्ध र समुन्नत भानु राम्रो"

वर्ष : १ | अङ्क : १ | मिति : २०८२/०१/०१

संरक्षक : आनन्द राज त्रिपाठी/उमा गोतामे | सल्लाहकार : गौतम भण्डारी | प्रकाशन : भानु न.पा. प्रकाशन समिति

शिक्षा | कृषि | खेलकुद | स्वास्थ्य | विविध

## निशुल्क आँखा शिविर सञ्चालन

भानु नगरपालिका र भानु ११ नं वडा कार्यालयको संयुक्त आयोजनामा मिति २०८१/१२/७ देखि ९ सम्म रुपाकोट स्वास्थ्य चौकीमा निशुल्क आँखा शिविर सञ्चालन भएको छ । उक्त कार्यक्रममा ६९३ जना बिरामीको आँखा परिक्षण गरिएको थियो।सो शिविरमा ५८ जनाको निशुल्क मोतियाबिन्दुको अप्रेशन गर्नुका साथै ४०० जना भन्दा बढि बिरामीलाई चस्मा वितरण गरिएको थियो । कार्यक्रमलाई कालिका लघुवित्त वित्तिय संस्था,मातृका आई सेन्टर काठमाण्डौं र लायन्स क्लब अफ काठमाण्डौंको सहयोग रहेको थियो ।



## शिक्षक पदस्थापन कार्यक्रम सम्पन्न



मिति २०८१ चैत्र ११ गते शिक्षक सेवा आयोगबाट खुला प्रतिस्पर्धात्मक परीक्षा उत्तीर्ण गरी शिक्षा विकास तथा समन्वय एकाई तनहुँबाट स्थायी नियुक्ति लिई पदस्थापनाका लागि भानु नगरपालिकामा आउनुभएका प्राथमिक तहका २४ जना स्थायी शिक्षकहरूलाई विभिन्न विद्यालयमा पदस्थापना गरिएको छ। गण्डकी, लुम्बिनी, कर्णाली, सुदुर पश्चिम र मधेश प्रदेशबाट आउनुभएका ९ जना पुरूष र १५ जना महिला शिक्षकहरूलाई पदस्थापना कार्यक्रम भानुका प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारीको अध्यक्षता, नगर प्रमुख श्री आनन्दराज त्रिपाठीको प्रमुख आतिथ्यता, नगर उपप्रमुख श्री उमा गोतामेको विशेष आतिथ्यता तथा सामाजिक विकास समितिका संयोजक श्री हरिहर उप्रेतीको आतिथ्यतामा सम्पन्न भएको थियो । शिक्षा अधिकृत सरस्वती गुरूङ ढकालको सञ्चालनमा भएको उक्त कार्यक्रममा भानुका नगर शिक्षा अधिकारी ध्रुवराज पौडेलले सबै शिक्षकहरूलाई स्वागत गर्नुहुँदै भानु नगपालिकाको परिचय, यहाँका केहि शैक्षिक प्रयासहरू र शिक्षक कर्मचारीले तत्काल गर्नुपर्ने पेशागत वृत्तिविकाससँग सम्बन्धित काम कर्तव्यका बारेमा जानकारी दिनुभएको थियो। उक्त कार्यक्रममा भानुमा क्रियाशील शिक्षकका पेशागत संगठनका अध्यक्षहरू तथा विभिन्न विद्यालयका प्रधानाध्यापकहरूको पनि उपस्थिति रहेको थियो । यसै सन्दर्भमा शिक्षकहरूलाई पदस्थापना पत्रका साथै भानु नगरपालिकाबाट तयार गरिएको सूचनामूलक शिक्षक डायरी पनि वितरण गरिएको थियो ।




## मेलमिलापकर्ताहरूको लागि मेलमिलाप सम्बन्धी पुनतार्जकी तालिम सम्पन्न

मिति २०८१/१२/१९ गते भानु नगरपालिका न्यायिक समितिको आयोजना तथा शान्तिका लागि समग्र विकासको सहजिकरणमा भानु नगरपालिकाका मेलमिलापकर्ताहरुको लागि ३ दिने



मेलमिलापकर्ताहरुलाई सो तालिम प्रदान गरिएको थियो । उक्त तालिमको प्रशिक्षण प्रशिक्षकद्वय विद्या खनाल र राजन रिमालले गर्नुभएको थियो । कार्यक्रमको प्रमुख अतिथी भानु नगरपालिका प्रमुख आनन्द राज त्रिपाठीज्युले तालिम पश्चात् दुरदराजमा रहेका नागरिकले सहज रुपमा मेलमिलाप





पुनतार्जकी तालिम सम्पन्न भएको छ । भानु नगरपालिका उपप्रमुख एवम न्यायीक समिती संयोजक उमा गोतामे ज्युको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा भानु नगरपालिकाका सम्पूर्ण वडाका



सम्बन्धी सेवा पाउनु पर्नेमा जोड दिनुभएको थियो । उक्त कार्यक्रममा भानु नगरपालिका प्रमुख प्रशासकीय अधिकृत,न्यायिक समिती सदस्य,कर्मचारी लगाएतको उपस्थिति रहेको थियो ।

वर्ष : १ अङ्क : १ मिति : २०८२/०१/०१
संरक्षक : आनन्द राज त्रिपाठी/उमा गोतामे सल्लाहकार : गौतम भण्डारी प्रकाशन : भानु न.पा. प्रकाशन समिति

## भानु नगरपालिकाको समन्वयमा खट्टे नामका ब्रान्डिङ उत्पादन

भानु नगरपालिकाले पालिका भित्रका किसानहरूले फलाएका अनदिको खट्टे नामक ब्रान्डिङ उत्पादन गरेको छ । भानु नगरपालिकाको समन्वयमा नगरवासीका किसानहरूले फलाएका अनदिलाई अनदिको खट्टे बनाएर खट्टे नाममा ब्रान्डिङ बनाई बजारमा पठाइएको हो । नगर भित्रका १३ वडा मध्य जुनसुकै वडाका सम्पूर्ण किसानहरूले फलाएका अनदिलाई खट्टे उत्पादन गराउने जिम्मा नगरपालिकाको कृषि विकास शाखाले लिएको छ । यसै गरी भानुमा उत्पादन भएका स्थानीय उत्पादनलाई यसरी नै ब्रान्डिङ गरेर देश विदेशका बजारमा पुर्याउने भानु नगरपालिकाको लक्ष्य रहेको छ ।



## ३ दिने होमस्टे व्यवस्थापन तालिम सम्पन्न

भानु नगरपालिका सामाजिक विकास शाखाको बार्षिक कार्यक्रम अन्तर्गत होमस्टे व्यवस्थापन तालिम मिति २०८१/१२/८ देखि २०८१/१२/१० सम्म भानु वडा ९ मा रहेको ग्रिन हिल भिलेज सामुदायीक होमस्टेमा सम्पन्न भएको छ। भानु नगरपालिका उपप्रमुख उमा गोतामेज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा भानु नगरपालिका भित्र होमस्टे सञ्चालन गर्दै आउनुभएका होमस्टे व्यवसायीहरुको संलग्नता रहेको थियो । भानु नगरपालिका सामाजिक विकास शाखा प्रमुख कृपाहरि लौडारीले कार्यक्रमको उद्देश्य तथा सिकाई सामुदायीक होमस्टेलाई व्यवस्थित गर्ने,स्थानीय र बाह्य पर्यटकलाई भित्राउने, अर्गानिक उत्पादनमा जोड दिनुका साथै संस्कृति, परम्परा र भेषभुषालाई जगेरना गर्ने रहेको बताउनु भयो । उक्त तालिमको प्रशिक्षण एपेक्स कन्सल्टेन्सी बुटवलबाट भएको थियो ।






## नि:शुल्क आयुर्वेद स्वास्थ शिविरको सन्चालन

भानु नगरपालिकाको आयोजनामा मिति २०८१-१२ १२ गते भानु १ भन्सार ग्रीनपार्कमा आयुर्वेद चिकित्सक द्वारा नि:शुल्क आयुर्वेद स्वास्थ शिविरको सन्चालन भएको छ। पायल्स, फिसर, फिस्टुला तथा पेट रोग चिकित्सक डा. दिपक भुषाल, हाड जोर्नि नसा डा.कृष्ण चन्द्र पोखेल, बाल रोग तथा स्त्री रोग चिकित्सक डा. किरण चन्द्र पौडेल, अन्य रोगका लागि डा. प्रशान्त श्रेष्ठ सहित भानु आयुर्वेद औषाधलय भानु-४, टुहुरेपसल आयुर्वेद औषाधलय भानु-६, रुपाकोट आयुर्वेद औषाधलय भानु-११ र सन्चो आयुर्वेद औषाधलय डुम्रेको बिशेष सहयोगमा निशुल्क औषधी समेत बितरण गरिएको थियो ।









## गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम

भानु नगरपालिका गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) द्वारा भानु न.पा. वडा नं ५ र ६मा १ दिने सहभागीतात्मक ग्रामिण लेखाजोखा (PRA) कार्यक्रम सम्पन्न गरेको छ । भानु न.पा. भित्र बसोबास गर्ने अति विपन्न वर्गका ३० जना सहभागीलाई ८ दिने उद्यमशिलता विकास र लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण तालिम प्रदान गरिएको थियो ।







शाखागत कार्यक्रम

# भानु नगरपालिका बुलेटिन

वर्ष : १ अङ्क : १ मिति : २०८२/०१/०१

संरक्षक : आनन्द राज त्रिपाठी/उमा गोतामे सल्लाहकार : गौतम भण्डारी प्रकाशन : भानु न.पा. प्रकाशन समिति

## निशुल्क भेडा थुमा वितरण



भानु नगरपालिका वडा-५ ढाँडखोला, बिरुवा टोलमा रहेको बिरुवा गाउँमा भानु नगरपालिकाको आर्थिक बर्ष २०८१।८२ को पशु बिकास तर्फको बार्षिक स्वीकृत भेडा संरक्षण कार्यक्रम अन्तर्गत पहिलो चरणका लागि ५ वटा भेडाका थुमा निशुल्क बितरण गरेको छ। भानु पालिकाका प्रमुख प्रशासकीय अधिकृत गौतम भण्डारी ज्यु को अध्यक्षता र उप-प्रमुख उमा गोतामे ज्युको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो।



## चौथो राष्ट्रिय बाखा दिवस सम्पन्न

पोषीलो आहार,बाखा पालनमा गुणात्मक सुधार भन्ने नाराका साथ भानु नगर प्रमुख आनन्द राज त्रिपाठी ज्यूको प्रमुख आतिथ्यमा भानु नगरपालिका वडा नं ५ स्थित स्याऊली पसलमा चौथो राष्ट्रिय बाखा दिवस सम्पन्न भएको छ। भानु नगरपालिका पशु शाखा,राष्ट्रिय बाखा अनुसन्धान कार्यक्रम बन्दीपुर, भेटेरीनरी अस्पताल तथा पशु सेवा दमौली,नेपाल व्यवसायिक बाखा पालन समूह तथा बरभंज्यांग बाखा पालन कृषक समूह भानु ५ र ६ को आयोजनामा आयोजित कार्यक्रममा लोकल र ब्रिड समूहका उत्कृष्ट बाखाका धनी कृषकलाई सम्मान गरिएको थियो।








## ११५ औं अन्तराष्ट्रिय महिला दिवस



भानु नगरपालिकाले ११५औं अन्तराष्ट्रिय महिला दिवस विभिन्न कार्यक्रम गरि भव्यताका साथ मनाएको छ । 8 March 2025 र २४ फागुन २०८१ गते भानु-२ फुस्रेटारमा सबै महिला तथा बालिकाको लागि: अधिकार समानता र सशक्तिकरण भन्ने राष्ट्रिय नाराका साथ मनाइएको उक्त कार्यक्रम भानु नगरपालिका उपप्रमुख उमा गोतामेज्यूको अध्यक्षता, नगर प्रमुख आनन्द राज त्रिपाठीज्यूको प्रमुख आतिथ्यता, प्रमुख प्रशासकीय अधिकृत गौतम भण्डारीज्यूको विशिष्ट आतिथ्यतामा सम्पन्न भएको थियो। बक्तित्वकला प्रतियोगिता, विभिन्न खेलकुद कार्यक्रमको आयोजना गरिएको कार्यक्रमको सहकार्य भानु महिला विकास बहुउद्धेशीय बचत तथा ऋण सहकारी संस्था लि।भानु ६ र बरभञ्ज्याङ महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. भानु छ ले गरेको थियो। कार्यक्रमको अध्यक्ष तथा उपप्रमुख उमा गोतामेले सम्पूर्ण महिला दिदिबहिनीहरुलाई सम्मानपुर्वक व्यबहार गर्ने संस्कृतिको विकास गरी महिला बिरुद्व हुने हिंसा अन्त्य गर्न तथा महिला सशक्तिकरण गर्ने पालिकाको अभियानमा सबै एक भएर लाग्नु पर्नेमा जोड दिनुभयो।



## बालविकास सहजकर्ताको तालिम सम्पन्न

भानु नगरपालिकाको आयोजना तथा UWS संस्थाको प्राविधिक सहयोगमा भानुका विभिन्न विद्यालयमा कार्यरत ३५ जना बालविकास सहजकर्ताहरूका लागि दुईदिवसीय तालिम सम्पन्न भएको छ। उक्त तालिमको उद्घाटन भानु नगर प्रमुख आनन्दराज त्रिपाठीले गर्नु भएको थियो।





## भानु नगरस्तरीय छैठौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न

भानु नगरस्तरीय खेलकुद विकास समितिको आयोजनामा भानु ९ काउरेटार स्थित खेलकुद मैदानमा यही मिति २०८१ माघ १० देखि १२ गतेसम्म भएको छैठौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ।





वर्ष : १ | अङ्क : १ | मिति : २०८२/०१/०१

संरक्षक : आनन्द राज त्रिपाठी/उमा गोतामे | सल्लाहकार : गौतम भण्डारी | प्रकाशन : भानु न.पा. प्रकाशन समिति

## किशोरीहरूको आत्मरक्षा सीप तालिम वाइसेजभ्कार र चुंदीमा सम्पन्न

भानु नगरपालिकाका सामाजिक विकास शाखाको आयोजनामा भानु ७ स्थित श्री चन्द्रावती मावि चुंदीमा किशोरीहरूको लागि ५ दिने आत्मरक्षा सीप तालिम सम्पन्न भएको छ। उक्त तालिममा भानुका पश्चिम भेगका विभिन्न विद्यालयका कक्षा ६ देखि १२ सम्मका ४० जना किशोरीहरू सहभागी भएका थिए। त्यसैगरी दोस्रो चरणमा यही तालिम भानु ९ स्थित श्री कर्मदा मावि पुकोट वाइसेजभ्कारमा सम्पन्न भएको छ। यसमा भानुका पूर्वी भेगका विभिन्न विद्यालयका ४० जना किशोरीहरू सहभागी भएका थिए।



## प्रश्नपत्र निर्माण कार्यशाला सम्पन्न

भानु नगरपालिकाका, शिक्षा युवा तथा खेलकुद शाखाको आयोजनामा आधारभूत तह कक्षा ८ मा अध्यापनरत शिक्षकहरुका लागि दुईदिवसीय प्रश्नपत्र निर्माण (Item bank) सम्बन्धी कार्यशाला सम्पन्न भएको छ।




## राष्ट्रपति रनिङ शिल्ड जिल्ला स्तरीय प्रतियोगिता सम्पन्न

जिल्ला खेलकुद विकास समिति तनहुँको आयोजनामा यही मिति २०८१ फागुन ३ र ४ गते सञ्चालन भएको तनहुँ जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएको छ। यस प्रतियोगितामा तनहुँका ९ वटा स्थानीय तहहरू सहभागी भएको यस प्रतियोगितामा सहभागी ९ वटै स्थानीय तहहरूले स्वर्ण पदक प्राप्त गरेका छन् भने समग्रमा पदक व्यापक रूपमा बाँडिएको छ।



## बुद्ध प्रावि पिप्ले को स्थलगत अनुगमन

मिति २०८१ फागुन २१ गतेका दिन नगर शिक्षा अधिकारी धुवराज पौडेलबाट भानु ६ स्थित श्री बुद्ध प्रावि पिप्लेको स्थलगत निरीक्षण तथा अवलोकन भयो। कक्षा ०-५ सञ्चालनित यस विद्यालयमा जम्मा ५१ जना बालबालिकाहरु अध्ययनरत रहेको पाइयो।






## ६८ औ राष्ट्रिय सहकारी दिवस कार्यक्रम

मिति २०८१/१२/२० गते भानु १ ग्रिन पार्कमा ६८ औं राष्ट्रिय सहकारी दिवस कार्यक्रम सम्पन्न भएको छ।

